गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१/०९/२५ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ५३ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरु:**

१ श्री रमेश पन्थी- शाखा अधिकृत

२ नेत्र प्राद खनाल- कार्यक्रम अधिकृत

३ खुविराम पन्थी- लेखा अधिकृत

४ पशुपती चुँदाली – प्रशासन शाखा प्रमुख

५ पदम आचार्य- स.क.अ.

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# मालारानी गाउँकार्यपालिकाको ५३ औं बैठक

मितिः २०८१।०९।२५

समयः बिहानः ११.०० बजे

बैठकका प्रस्तावहरु

१ हालसम्मको वित्तिय प्रगति सम्वन्धमा ।
२ मासिक अनुगमन प्रतिवेदन सम्वन्धमा ।
३ विनियोजन विधेयेक, २०८१ को संशोधन सम्वन्धमा ।
४ विनियोजन ऐन अन्तर्गतको कार्यक्रममा समावेश भएको लागत सहभागिता प्रतिशत संशोधन सम्वन्धमा ।
५ आर्थिक ऐन,२०८१ संशोधन संबन्धमा ।
६ गाउँपालिकाको बेरुजु संम्परिक्षण सम्वन्धमा ।
७ सङ्घीय समपुरक योजना कार्यान्वयन सम्वन्धमा
८ मालारानी गाउँपालिका उपाध्यक्ष सहाराविहिन सहायता कार्यक्रम सन्चालन कार्यविधि सम्वन्धमा ।
९ उपचारात्मक सिकाई सहयोग तथा अतिरिक्त कक्षा सन्चालन कार्थक्रम कार्यान्वयन कार्यविधि सम्वन्धमा
१० मालारानी गाउँपालिकाको टेम्पो, अटोरिक्सा तथा इ- रिक्सा सन्चालन , व्यवस्थापन र नियमन सम्वन्धी कार्यविधि सम्वन्धमा
११ विचल्लिमा परेका नागरिकलाई उपाध्यक्ष सहयोग कार्यक्रम सन्चालन निर्देशिका सम्वन्धमा
१२ बिबिध/ समसामयिक विषयहरु सम्वन्धमा

बैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त ब्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | हालसम्मको वित्तिय प्रगति सम्वन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको । | आ.व. २०८१।८२ का लागि गाउँसभाबाट विनियोजित रू ६२ करोड ४३ लाख ३७ हजार ४ सय ३८ मध्ये हालसम्म चालुतर्फ ३७.७६ प्रतिशत र पुँजीगत बजेट तर्फ २४.९५ प्रतिशत गरी जम्मा ३४.१८ प्रतिशत प्रगति हासिल भएको र आन्तारिक आय तर्फ रु.६५ लाख ७ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रु ४१ लाख ४४ हजार ५ सय ५ रुपैया प्राप्त भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो । |
| २ | मासिक अनुगमन प्रतिवेदन सम्वन्धमा | गाउपालिका उपाध्यक्षले योजना तथा कार्यक्रमहरुको अनुगमन गरी मासिक प्रतिवेदन गाउँ कार्यपालिका बैठकमा पेश गर्नुपर्ने कानुनी प्रावधान रहेको । | २०८१ मंसिर महिना सम्मको यस गाउँपालिकाबाट सन्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गरी सुझाव, समस्या र चुनौतीहरुलाई समेटेर तयार पारिएको अनुगमन प्रतिवेदन बैठकमा प्रस्तुत भएकोले संलग्न बमोजिमको उक्त अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने । | पेश भए बमोजिमको प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गरियो । |
| ३ | विनियोजन विधेयक, २०८१ को संशोधन सम्वन्धमा | यस गाउँपालिकाको विनियोजन विधेयक, २०८१ को दफा ३ को परिधि भित्र रही विधेयकको अनुसूचीमा रहका योजना, कार्यक्रम र बजेटमा केही संशोधन, रकमान्तर ,स्रोतान्तर गर्न आवश्यक भएकोले गाउँसभा अधिवेशनमा प्रस्ताव पेश गर्नुपर्ने । | यस गाउँपालिकाको विनियोजन विधेयक, २०८१ को अनुसूचीमा रहेका योजना तथा कार्यक्रमहरुको संलग्न बमोजिम केही संशोधन, रकमान्तर र स्रोतान्तर गर्न आवश्यक भएकोले विनियोजन विधेयक, २०८१ को दफा ३ को परिधि भित्र रही उक्त संशोधन प्रस्तावलाई स्वीकृत गरी पारित गर्ने प्रयोजनको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ४ | विनियोजन ऐन अन्तर्गतको कार्यक्रममा समावेश भएको लागत सहभागिता प्रतिशत संशोधन सम्वन्धमा । | ५० प्रतिशत लागत सहभागितामा कृषि यन्त्र उपकरण हस्तान्तरण कार्यक्रम अन्तरगत लामो अवधि नटिक्ने कृषि यन्त्र उपकरणमा लागत सहभागिता प्रतिशत घटाउन आवश्यक देखिएको गाउँसभा अधिवेशनमा प्रस्ताव पेश गर्नुपर्नु । | यस गाउँपालिकाको विनियोजन ऐन, २०८१ को अनुसूचीमा रहेका कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत सहभागितामा कृषि यन्त्र उपकरण हस्तान्तरण गर्ने गरी कार्यक्रम स्वीकृत भएको सन्दर्भमा, कृषि यन्त्र उपकरण मध्ये लामो समय नटिक्ने टनेल, मल्चिङ्ग र थोपा सिंचाईको लागि प्रयोग हुने प्लाष्टिकजन्य सामाग्रीमा उक्त लागत सहभागिता घटाई ३० प्रतिशत कायम गर्ने र अन्य यन्त्र उपकरणमा यथावत गर्नको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ५ | आर्थिक ऐन,२०८१ संशोधन संबन्धमा । | गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा केही संशोधन गर्न आवश्यक रहेको । | पाँचलाख सम्म पुँजी भएका हालसम्म कुनै पनि निकायमा दर्ता नभएका तर प्यान नं. लिएका वा कुनै निकायमा दर्ता भई हाल मालारानी गाउँपालिका क्षेत्रभित्र व्यवशाय गरेका, मालारानी गाउँपालिकामा दर्ता भई नविकरण नगरेका र विगतमा मालारानी गाउँपालिका क्षेत्रभित्र व्यवशाय भएका तर हाल व्यवशाय नगरेका व्यवशायीहरुले आफ्नो व्यवशाय नविकरण वा बन्द गर्न चाहेमा दर्ता /नविकरण दस्तुर अनिवार्य बुझाउनु पर्ने र असौज मसान्त पछि नविकरण नगरेका व्यवशायहरु धेरै भएको हुँदा व्यवशायीहरुलाई व्यवशाय नविकरण गर्न उत्साहित गराउनको लागि मिति २०८१।१०।०१ देखि २०८१।१०।३० सम्म जरिवाना वापतको ५० प्रतिशतलाई घटाई २५ प्रतिशतले लिने र तोकिएको समय पछि पुनः आर्थिक ऐनमा भए अनुसारको जरिवाना लिने सम्वन्धिको संशोधन प्रस्ताव स्वीकृत गरी गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृतगर्ने निर्णय गरियो । |

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | | | निर्णय |
|---|---|---|---|---|---|---|
| | | | ७४ | महालेखा परिक्षकको आ.व. २०७७/०७८ को अन्तिम वार्षिक प्रतिवेदनमा उल्लेख दफामा (म.ले.प.प्रतिवेदनको दफा ७४) गैह सरकारी संस्थाबाट कार्य गरिएकोलाई अनियमित भनि उल्लेख गरिएकोमा मालारानी गाउँपालिकाको कार्यालयमा तत सम्बन्धी कृयाकलाप संचालन गर्न पर्याप्त दरवन्दी अनुसार कर्मचारी नरहेको तथा उल्लेखित विषयमा कार्य गर्न ति संस्था हरु सक्षम रहेको आकलन गरीए अनुसार उल्लेखित कृयाकलाप संचालन भएकोले र दोहोरो नपरेको देखिएकोले साथै उक्त कारोवारले कार्यालयको आवश्यकता परिपुर्ति गरेको र कार्यालयलाइ अतिरिक्त व्ययभार सिर्जना नगरेको अर्थात नभएकोले प्रचलित कानुनको पालना गर्दै आर्थिक पारदर्शिता र .वित्तिय शुसासन प्रर्वधन गर्ने सर्तमा सो अनियमित प्रकृतिको बेरुजु नियमित गर्नको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | १२ लाख | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | ९१ | महालेखा परिक्षकको आ.व. २०७७/०७८ को अन्तिम वार्षिक प्रतिवेदनमा उल्लेख दफामा (म.ले.प.प्रतिवेदनको दफा ९१) नेपाल सरकारको शिक्षा नियमावली २०५९ बमोजिम मालारानी गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षक दरवन्दी अनुसारको शिक्षकहरुको उपलब्धतामा कमी रहेको कारणले शिक्षण सिकाई कृयाकलाप सञ्चालन गर्न कठिनाई भई सिकाइ उपलब्धी कमजोर हुने देखिएकोले मालारानी गाउँपालिकाको गाउँसभाले शिक्षण प्रकृयामा सहजता ल्याउनको लागी आवश्यक ठानि पारित गरेको बिनियोजन ऐन बमोजिम मालारानी गाउँपालिकाभित्रका विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलब्ध गराएको देखिन्छ । जसले मालारानी गाउँपालिकाको शिक्षण सिकाई प्रकृयामा सहजता ल्याएको ठानी अनियमित भनी औल्याइएको बेरुजुलाई नियमित गर्नका लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ३६ लाख ६० हजार | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | २१ | २०७८/०७९ को म.ले.प. प्रतिवेदनको दफा २१ मा लागत अनुमान मौजुदा सूची तयार गरेर खरिद गर्नुपर्ने ।भन्ने शीर्षकमा म.ले.प. बाट बेरुजु ठहर भएकोमा गाउँपालिकाको कार्यालय स्थानान्तरण हुँदा आकास्मिक रुपमा आल्मुनियम पाटेसन गर्नुपर्ने आकास्मिक रुपमा तुरुन्तै गर्नुपर्ने भएकोले सो कार्य गरिएको साथै सो कारोबारले कार्यालयको आवश्यकता परिपुर्ती गरेको र कार्यालयलाई अतिरिक्त व्ययभार सिर्जना नगरेको अर्थात नभएकोले प्रचलित कानुनको पालन गर्दै आर्थिक पारदर्शिता र वित्तीय शुसासन प्रर्वध्यन गर्ने शर्तमा अनियमित प्रकृतीको बेरुजु नियमितको गर्नको लागी गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ३ लाख ५५ हजार १ सय ९८ | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | २२ | २०७८/०७९ को म.ले.प. प्रतिवेदनको दफा २२ मा वडा नं. ९ स्तरिय मोटरबाटो मर्मत मा विजक जारी नगरी रकम बुझेको भरपाई पेश गरेको भन्ने शीर्षकमा उपभोक्ता समितीको हेभी इक्यूपमेन्ट नभएको हेभी इक्यूपमेन्ट प्रयोग गर्ने भनी प्राविधिक इस्टमीट तयार भएको साथै कार्यालयले १० प्रतिशत वहाल कर कट्टी गरि उपभोक्ता समितीलाइ भुक्तानी गरेको रकममा अनियमित भनी उल्लेखले सो कार्यले कार्यालयलाई अतिरिक्त व्ययभार सिर्जना नगरेको अर्थात नभएकोले अनियमित प्रकृतीको बेरुजुलाई नियमित गर्न को लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने। | ५ लाख | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल बहादुर [illegible]
अध्यक्ष

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | | | निर्णय |
|---|---|---|---|---|---|---|
| | | | २७ | २०७८/०७९ को न.ले.प. प्रतिवेदनको दफा २७ वडा नं. ९ को दाखामे ठुलाघर मो.बा. उपभोक्ता समिती स्तरिय मोटरबाटो मर्मत मा विजक जारी नगरी रकम बुझेको भरपाई पेश गरेको भन्ने शीर्षकमा उपभोक्ता समितीको हेभी इक्यूपमेन्ट नभएको हेभी इक्यूपमेन्ट प्रयोग गर्ने भनी प्राविधिक इस्टमीट तयार भएको साथै कार्यालयले १० प्रतिशत वहाल कर कट्टी गरि उपभोक्ता समितीलाइ भुक्तानी गरेको रकममा अनियमित भनी उल्लेखले सो कार्यले कार्यालयलाई अतिरिक्त व्ययभार सिर्जना नगरेको अर्थात नभएकोले अनियमित प्रकृतीको वेरुजुलाई नियमित गर्न को लागि गाउँसभाको १८औं अधिवेश पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ५ लाख | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | २८ | २०७८/०७९ को म.ले.प. प्रतिवेदनको दफा २८ वडा नं. २ को दशैंबाटो मो.बा. उपभोक्ता समिती स्तरिय मोटरवाटो मर्मत मा विजक जारी नगरी रकन बुझेको भरपाई पेश गरेको भन्ने शीर्षकमा शीर्षकमा उपभोक्ता समितीको हेभी इक्यूपमेन्ट नभएको हेभी इक्यूपमेन्ट प्रयोग गर्ने भनी प्राविधिक इस्टमीट तयार भएको साथै कार्यालयले १० प्रतिशत वहाल कर कट्टी गरि उपभोक्ता समितीलाइ भुक्तानी गरेको रकममा अनियमित भनी उल्लेखले सो कार्यले कार्यालयलाई अतिरिक्त व्ययभार सिर्जना नगरेको अर्थात नभएकोले अनियमित प्रकृतीको बेरुजुलाई नियमित गर्न को लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ३ लाख | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | १६ | महालेखा परिक्षकको आ.व. २०७८/०७९ को अन्तिम बार्षिक प्रतिवेदनमा उल्लेख दफामा (म.ले.प.प्रतिवेदनको दफा १६) कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तरगत सिकाई सहजिकरणको लागि रेडियो कार्यक्रम अन्तरगत मेरो मिडिया घरलाई दैनिक ५ घण्टा २ महिनासम्म प्रति घण्टा ११६० को दरले शिक्षण सिकाइ कार्यक्रम संचालन गरे वापत रु ३९३२४० भ्याट सहित भुक्तानी भएकोमा सोझै खरिद गरिएको भन्ने सम्वन्धमा मालारानी गाउँपालिकाको क्षेत्रभित्र पहुच भएको एकमात्र रेडियो संचालन गरेको मेरो मिडिया घर रहेकोले र कोभिड महामारीको अवस्था समेत रहेकोले तत्कालिन अवस्थाको मुल्याङ्कन गरि सो कार्यक्रम संचालनको गरिएको साथै उक्त कारोवारले कार्यालयको आवश्यकता परिपुर्ति गरेको र कार्यालयलाइ अतिरिक्त व्ययभार सिर्जना नगरेको अर्थात नभएकोले प्रचलित कानुनको पालना गर्दै आर्थिक पारदर्शिता र वित्तिय शुसासन प्रवर्द्धन गर्ने सर्तमा सो अनियमित प्रकृतिको बेरुजु नियमित गर्नको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ३ लाख ९३ हजार २ सय ४० | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | ४० | महालेखा परिक्षकको आ.व. ०७९/०८० को वार्षिक प्रतिवेदनमा उल्लेख दफा (म.ले.प.प्रतिवेदनको ४०) नेपाल सरकारको शिक्षा नियमावली २०५९ बमोजिम मालारानी गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षक दरवन्दी अनुसारको शिक्षकहरुको उपलब्धतामा कमी रहेको कारणले शिक्षण सिकाई कृयाकलाप सञ्चालन गर्न कठिनाई भई सिकाइ उपलब्धी कमजोर हुने देखिएकोले मालारानी गाउँपालिकाको गाउँसभाले शिक्षण प्रकृयामा सहजता ल्याउनको लागी आवश्यक ठानि पारित गरेको बिनियोजन ऐन बमोजिम मालारानी गाउँपालिकाभित्रका विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलब्ध गराएको देखिन्छ । जसले मालारानी गाउँपालिकाको शिक्षण सिकाई प्रकृयामा सहजता ल्याएको ठानी अनियमित भनी औल्याइएको बेरुजुलाई नियमित गर्नको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ४८ लाख ०९ हजार ५ सय ७। - | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

गोविन्द [illegible]
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | | | निर्णय |
|---|---|---|---|---|---|---|
| | | | ४४ | महालेखा परिक्षकको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदनमा उल्लेख दफा (म.ले.प.प्रतिवेदनको ४४) उल्लेखित उपभोक्ता समितीले पेश गरेको कागजात अध्ययन गर्दा प्राविधिकले तयार पारेको इस्टमिटमा पनि मेसिनको प्रयोग गर्ने गरि गरेको र उल्लेखित उपभोक्ता समितिसँग प्राविधिक इस्टमिटमा उल्लेख गरे अनुसारका मेसिनरी सामग्री नहुने भएकोले ती उपभोक्ता समितीहरुले कुनै निर्माण व्यवसायीको जेसिबि प्रयोग गरी कार्य गराएको र सो निर्माण व्यवसायीको बील बीजक पेश गरेको व्यहोरा हो मालारानी गाउँपालिकाले उपभोक्ता समितीसँग कार्य गर्ने गरि सम्झौता गरेको तथा गाउँपालिकाबाट पनि उपभोक्ता समितीलाई नै भुक्तानी भएको र उपभोक्ता समितिबाट गर्नुपर्ने १० प्रतिशत बढी कार्य गरेको भनी प्राविधिकद्वारा तयार पारिएको कार्यसम्पन्न् प्रतिवेदनमा उल्लेख गरिएको देखिन्छ । सो कार्यले पालिकालाई अतिरिक्त दायित्व सिर्जना नगरेकोले नियमसंगत गराउनको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | १७ लाख | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | ४९ | महालेखा परिक्षकको आ.व. ०७९/०८० को वार्षिक प्रतिवेदनम्म उल्लेख दफा (म.ले.प.प्रतिवेदनको ४९) सलग्न फाइलको परीक्षण गर्दा दायित्व सारेको कागजात म.ले.प. फा.नं. २२१ संलग्न रहेको पाइएकोले नियमसंगत बनाउनको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ७ लाख ८७ हजार २ सय ८२ | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | ६० | महालेखा परिक्षकको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदनमा उल्लेख दफा (म.ले.प.प्रतिवेदनको ६०) दुबै कार्यक्रम ससर्त अनुदान शीर्षकबाट संचालन भएका र भुलवंश लघुउद्यमबाट खर्च लेखिनुपर्नेमा कक्षा ८ को परीक्षा क्षमता विकास शिर्षकबाट खर्च हुन पुगेकोले ससर्त अनुदान फिर्तामा कुनै प्रकारको असर नपारेकोले उल्लेखित कृयाकलाप सोही शीर्षकबाट खर्च भएको बुझी नियमत सँगत भएको र कुनै प्रकारको असर नपर्ने देखिएकोले नियमित गर्नको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | ६५ हजार ४ सय | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | ६६ | महालेखा परिक्षकको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदनमा उल्लेख दफा (म.ले.प.प्रतिवेदनको ६६) देशका कुना काप्चाका वस्तीहरुमा सहज रुपमा स्वास्थय सेवाको पहुँच अझै पनी चुनौतीको रुपमा रहिराखेको अवस्था छ । सो अवस्था आउन स्वास्थ्य सन्देश सम्बन्धि जनचेतानमुलक कार्यक्रम हरेक वस्तीहरुमा पुग्न नसक्नु नै हो । यस मालारानी गाउँपालिकाका दुर्गम तथा पिछडिएको वस्तीहरुमा पनि स्वास्थ्य सम्बन्धी उचित व्यवहार अपनाउन जनचेतना मुलक कार्यक्रम संचालन गरी स्वस्थ्य जीवनयापन गर्ने कार्यमा सहयोग पुर्याउन पालिकाका अधिकाश दुर्गम तथा पिछडिएको क्षेत्रका सबै टोल वस्तीहरुका सबै विद्यालयमा विद्यालय स्वास्थ्य शिक्षा सबै आमा समुह तथा म.स्वा. स्वय सेविकाहरुका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम संचालन गर्न बजेट श्रोत साधन जनशक्ती र समय अभावको कारण कठिनाइ भएकोले पालिका भित्र मेरो मिडिया घरद्वारा संचालनित सामुदायिक रेडियो मालारानीको प्रशारण पालिकाका अधिकाश स्थानमा सवैले निरन्तर सन्ने भएको हुदा सन्देश प्रशार०को माध्यमबाट टोल टोल र वस्ती वस्तीसम्म स्वस्थ्य जीवनशैली अपनाउनु स्वास्थ्य सन्देश मुलक प्रशारणबाट अत्यधिक पालिकाबासीहरु लाभान्वित हुने भएको र यसले पालिकालाई अतिरिक्त दायित्व सिर्जना नगरेकोले नियमसंगत गराउनको लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | १ लाख ६४ हजार १ सय ७५ | पेश भए बमोजिमको प्रस्तावव स्वीकृत गर्ने निर्णय गरियो । |
| | | | | कुल जम्मा | २ करोड ३५ लाख २४ हजार ७ सय ३४ | |

[illegible] बहादुर

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ७ | सङ्घीय समपुरक योजना कार्यान्वयन सम्वन्धमा । | सङ्घीय समपुरक अनुदानमा स्वीकृत योजनाको काम गर्ने खण्ड एकिन गरी कार्यान्वयन गर्ने । | आ.व.२०८१।८२ को लागि सङ्घीय समपुरक अनुदानमा देउराली गुफा प्रशासकीय भवन ढुङ्गाडे मो.बा. कालोपत्रे योजना स्वीकृत भई आएकोमा आ.व.२०८०।८१ मा सो अनुदानबाट ढुङ्गाडे देखि खन देउराली सम्मको खण्ड कालोपत्रे भएको र खन देउराली देखी सीत देउराली (गुराँसे) खण्डको खन देउराली सीत खण्डमा सडक चौडागर्ने, पक्की नाली निर्माण गर्ने, ह्यूमपाईप विछ्याउने कार्य भएकोमा आ.व.२०८१।८२ को उक्त समपुरक अनुदानबाट गत आ.व.मा कोलोपत्रे भएको सडक अन्तर्गत जोखिम स्थानहरुमा सडक सुरक्षा बार तथा गत आ.व.मा स्तरोन्नती भएको खण्डमा कालोपत्रेको कार्य गर्ने गरी खन देउराली सीत देउराली (गुराँसे ) खण्डमा बजेटको परिधी भित्र रही विस्तृत परियोजना प्रतिवेदनको आधारमा लागत अनुमान तयार गरी उक्त योजना निर्माणको कार्य अगाडी बढाउन स्वीकृतिका लागि गाउँसभाको १८औं अधिवेशन मिति २०८१।०९।२६ गतेको पहिलो बैठकमा प्रस्ताव पेश गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ८ | मालारानी गाउँपालिका उपाध्यक्ष सहाराविहिन सहायता कार्यक्रम सन्चालन कार्यविधि सम्वन्धमा । | कार्यविधिको आवश्यकता भएको र विधेयक समितिबाट सिफारिस भई प्राप्त भएको | मालारानी गाउँपालिका उपाध्यक्ष सहाराविहिन सहायता कार्यक्रम सन्चालन कार्यविधि, २०८१ संलग्न बमोजिम स्वीकृत गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ९ | उपचारात्मक सिकाई सहयोग तथा अतिरिक्त कक्षा सन्चालन कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा | कार्यक्रम कार्यान्वयनको लागि कार्यविधिको आवश्यकता भएको र विधेयक समितिबाट सिफारिस भई प्राप्त भएको | यस गाउँपालिकाको उपचारात्क सिकाई सहयोग तथा अतिरक्त कक्षा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ संलग्न बमोजिम स्वीकृत गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १० | मालारानी गाउँपालिकाको टेम्पो, अटोरिक्सा तथाइ- रिक्सा सन्चालन , व्यवस्थापन र नियमन सम्बन्धी कार्यविधि सम्बन्धमा | कार्यविधिको आवश्यकता भएको र विधेयक समितिबाट सिफारिस भई प्राप्त भएको | मालरानी गाउँपालिकाको टेम्पो, अटोरिक्सा तथा इ-रिक्सा सन्वालन, व्यवस्थापन र नियमन सम्बन्धी कार्यविधि, २०८१ संलग्न बमोजिम स्वीकृत गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ११ | विचल्लिमा परेका नागरिकलाई उपाध्यक्ष सहयोग कार्यक्रम सन्चालन निर्देशिका सम्बन्धमा | स्वीकृत बजेट कार्यान्वयनको लागि निर्देशिका आवश्यकता भएको र विधेयक समितिबाट सिफारिस भई प्राप्त भएको | विचल्लिमा परेका नागरिकलाई उपाध्यक्ष सहयोग कार्यक्रम सन्चालन निर्देशिका, २०८१ संलग्न बमोजिम स्वीकृत गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १२ | बिबिध/ समसामयिक बिषयहरु सम्वन्धमा | | | |
| १२.१ | आर्थिक सहयोग अनुमोदन सम्बन्मा | क्यान्सर रोगको उपचारमा सहयोग लागि अध्यक्षस्तर्को निर्णयबाट उपलब्ध गराएको सहयोग रकम अनुमोदन गर्नु पर्ने । | यस गाउँपालिका वडा नं. ३( साविक खनदह गाविस वडा नं. ६) निवासी श्री रुक्मागत खनालको छोरा टोपलाल खनाललाई क्यान्सर रोग उपचारको लागि आर्थिक सहयोग स्वरुप उपलब्ध गराईएको रु. २५०००।०० लाई अनुमोदन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो । |

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | |
|---|---|---|---|---|
| | | | | निर्णय |
| १२.२ | पूर्ण सरसफाई उन्मुख पालिका घोषणा कार्यक्रमको लागि निशुल्क ब्याक हो लोडर र ट्याक्टर सन्चालन सम्बन्धमा | कार्यपालिका सदस्यहरुबाट फोहोर प्रस्ताव पेश हुन आएको | यस गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा फोहोर व्यवस्थापन कार्यका लागि खाडलहरु खन्न आवस्यक भएकोले वडा कार्यालयको सिफारिसको आधारमा वडा कार्यालयबाटै सन्चालन हुने गरी यस गाउँपालिकामा रहेका ब्याक हो लोडर र ट्याक्टर निशुल्क रुपमा उपलब्ध गराउने साथै ब्याक हो लोडर सन्चालन भएको स्थानको ल.ई. कार्यसम्पन्न प्रतिवेदन सम्बन्धित वडाको प्राविधिकबाट सम्बन्धित वडाले गर्ने गराउने साथै लकबुक रेकर्ड सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरी पठाउने । | भए बमोजिमकोव प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १२.३ | विपद् राहत उपलब्ध गराउने सम्बन्धमा | विपद् राहतको लागि आवश्यक कागजात सहित निवेदन पेश भएको | यस गाउँपालिका वडा नं. ५ स्थित जयकला नेपालीको घर पहिरोबाट पुरिन गई घर जोखिम अवस्थामा रहेकोले निजको पहिरोको माटो हटाउने प्रयोजनको लागि विपद् व्यवस्थापन कोषबाट रु. ७०००।०० आर्थिक राहत उपलब्ध गराउने । | पेश भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १२.४ | मोटरबाटोको DPR निर्माण सम्बन्धमा | सङ्घीय समपुरक अनुदानबाट सन्चालन हुने मो.बा. को तत्काल DPR निर्माण गर्न आवश्यक भएको | आ.व.२०८१।८२ को लागि संङ्घीय समपुरक अनुदानमा देउराली गुफा प्रशासकीय भवन डुड्गाडे मो.बा. कालोपत्रे योजना स्वीकृत भई आएकोमा आ.व.२०८०।८१ मा सो अनुदानबाट डुड्गाडे देखि खन देउराली सम्मको खण्ड कालोपत्रे भएको र खन देउराली देखी सीत देउराली (गुर्से)खण्डको खन देउराली सीत खण्डमा सडक चौडागर्ने, पक्की नाली निर्माण गर्ने, ह्यूमपाईप बिछ्याउने कार्य भएकोमा आ.व.२०८१।८२ को उक्त समपुरक अनुदानबाट गत आ.व.मा कालोपत्रे भएको सडक अन्तर्गत जोखिम स्थानहरुमा सडक सुरक्षा बार तथा गत आ.व.मा स्तरोन्नती भएको खण्डमा कालोपत्रेको कार्य गर्ने गरी खन देउराली सीतदेउराली ( गुर्से ) खण्डमा निर्माणको कार्य अगाडी बढाउनको लागि तत्काल DPR को आवश्यकता भएकोले सम्बन्धित आयोजना लगायतको कन्टेन्जेन्सी रकमबा‌ट खर्च व्यहोर्ने गरी छोटो प्रक्रियाबाट उक्त योजनाको DPR निर्माण गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १२.५ | पाँचौं अर्घाखाँची प्रिमियर लिग-२० क्रिकेट प्रतियोगिता सन्चालनको लागि आर्थिक सयोग सम्बन्धमा | अर्घाखाँची क्रिकेट संघबाट आर्थिक प्रस्ताव संलग्न राखी आर्थिक सहयोगको लागि निवेदन पेश हुन आएको | मिति २०८१।०९।२१ मा अर्घाखाँची क्रिकेट संघले मिति २०८१ माघ १ गते देखि सन्चालन हुन लागेको पाँचौं अर्घाखाँची प्रिमियर लिग टि-२० क्रिकेट प्रतियोगिता सन्चालनको लागि आर्थिक सहयोग उपलब्ध गराई दिनको लागि रु ७१८०००।०० बराबरको प्रस्ताव संलग्न राखी निवेदन पेश गरेकोले उक्त खेल सन्चालनको लागि उक्त संघलाई रु २५०००।०० ( पच्चिस हजार ) आर्थिक सहयोग उपलब्ध गराउने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १२.६ | रिक्त सूचना प्रविधि अधिकृतको पद पुर्ति सम्बन्धमा | सूचना प्रविधि अधिकृतको रिक्त पद पुर्ति गर्दा निजको पारिश्रमिक रकम गाउँपालिकाबाट समेत व्यहोर्नुपर्ने भएकोले प्रतिवद्धताको लागि गाउँकार्यपालिकाबाट निर्णय हुनु पर्ने । | यस गाउँपालिकामा सूचना प्रविधि अधिकृतको पद रिक्त रहेकोले करार सेवाबाट उक्त पदपुर्तिको प्रक्रिया तत्काल अगाडि बढाउने र उक्त पदको लागि गाउँपालिकाबाट व्यहोर्नुपर्ने पारिश्रमिक लागत सहभागिता बापतको रकम करार सेवा शुल्क शिर्षकमा विनियोजन भएकोबजेटबाट व्यहोर्न प्रतिबद्धता गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल बहादुर